## आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली

मितिः १५ अप्रेल २०२४

समयः १८:५० - १९:०० बजे

**प्रमुख समाचार**

१. उपरास्ट्रपति जगदीप धनखड़्ले आर्टिफिसियल इन्टेलिजेन्स र एड्भान्स एनालिटिक्स जस्ता नयाँ प्रविधिले कर प्रणालीमा सुधार ल्याउनुका साथै कर छली रोक्न मद्दत गरिरहेको बताउनु भएको छ ।

२. प्रवर्तन एजेन्सीहरूले लोकसभा चुनावको पहिलो चरण अघि ४ हजार ६ सय ५० करोड रुपिया जफ्त गरेका छन्।

३. भारतीय जनता पार्टी (भाजपा) का नेता तथा केन्द्रीय मन्त्री अनुराग सिंह ठाकुरले ममता बनर्जीको नेतृत्वमा त्रिणमुल पार्टीले राज्यका जनतालाई उपेक्षा गरिरहेको आरोप लगाउनु भएको छ ।

४. खरसाङ नगरपालिकाको वार्ड नम्बर १६ मा रहेको सुन्तले पाखामा मैला फ्याँक्न जाने निर्माणाधीन बाटोको आज खरसाङ नगरपालिका टोलीद्वारा निरीक्षण गरिएको छ।

५. भारतीय नेपाली साहित्यका वरिष्ठ साहित्यकार आरके प्रधानको हिज राति सिलगढीस्थित एक नर्सिङ होममा निधन भएको छ ।

**उपरास्ट्रपति जगदीप धनखड़**

उपरास्ट्रपति जगदीप धनखड़ले आर्टिफिसियल इन्टेलिजेन्स र एड्भान्स एनालिटिक्स जस्ता नयाँ प्रविधिले कर प्रणालीमा सुधार ल्याउनुका साथै कर छली रोक्न मद्दत गरिरहेको बताउनु भएको छ ।उहाले भन्नुभएको छ , यसले प्रणालीमा करदाताको विश्वास बढाउँछए जसले बदलीमा अधिक कर अनुपालनलाई प्रोत्साहित गर्दछ। भारतीय राजस्व सेवा–आई.आर.एस.को ७६ औ ब्याचका लागि इन्डक्सन ट्रेनिङको समापन सत्रलाई आज नागपुर स्थित नेसनल एकेडेमी अफ डाइरेक्ट ट्याक्सेज–एन.ए.डी.टी.मा सम्बोधन गर्नुहुदै धनकडले उक्त कुरा बताउनु भएको हो ।यस अवसरमा महाराष्ट्रका राज्यपाल रमेश बैस र केंद्रीय कर बोर्ड-सी.बी.डी.टी का अध्यक्ष नितिन गुप्ता उपस्थित थिए।

****** ० ******

**प्रवर्तन एजेंसी -जफ्त**

प्रवर्तन एजेन्सीहरूले लोकसभा चुनावको पहिलो चरण अघि ४ हजार ६ सय ५० करोड रुपिया जफत गरेका छन्। निर्वाचन आयोग अनुसार गत लोकसभा चुनावमा ३ हजार ४ सय ७५ करोड रुपिया जफत गरिएको थियो। आयोगले चुनाउ अघि जफत गरिएको कूल रकमको ४५ प्रतिशत लागु औषधको रुपमा रहेको जनाएको छ। विभिन्न निकाय बीचको समन्वयए व्यापक योजना र सक्रिय जनसहभागिताका कारण उक्त रकम जफत गरिएको जनाइएको छ। यस वर्षको १ मार्चदेखि दैनिक एक करोड रुपिया जफत गरिएको छ सआयोगले भनेको छए श्यो अभ्यासले भ्रष्टाचार नियन्त्रण गर्ने र सबै पक्षलाई समान अवसर प्रदान गर्ने आफ्नो प्रतिबद्धतालाई प्रतिबिम्बित गर्दछ। आयोगले आचार संहिता उल्लङ्घन गर्दै राजनीतिज्ञहरुलाई सहयोग गर्ने १०६ जना सरकारी कर्मचारीलाई पनि कठोर कार्वाही गरेको छ।

****** ० ******

**अनुराग सिह ठाकुर**

भारतीय जनता पार्टी (भाजपा) का नेता तथा केन्द्रीय मन्त्री अनुराग सिंह ठाकुरले ममता बनर्जीको नेतृत्वमा त्रिणमुल पार्टीले राज्यका जनतालाई उपेक्षा गरिरहेको आरोप लगानु भएको छ। सिलिगुडीको बागडोगरा विमानस्थलमा पत्रकारहरूसँग बातचीत गर्दै उहाले केन्द्रीय कल्याणकारी योजनाहरूको टीएमसीले अवरोध खडा गरिरहेको आरोप लगाउनु भएको छ। श्री ठाकुरले उत्तर बङ्गालको चिया बगानका श्रमिकहरूको दयनीय अवस्थाप्रति पनि चिन्ता व्यक्त गर्नुभएको छ । यसअघि उहाले सिलिगुडीको व्यापारिक समुदायसँगको बैठकमा भाग लिनु भयो । केन्द्रीय मंत्री श्री ठाकुरले दार्जीलिंग लोकसभा निर्वाचन क्षेत्रका भाजपा उम्मेदवार राजु बिस्टको समर्थनमा चुनाउ प्रचार गर्ने क्रममा एक जनसभालाई सम्बोधन गर्नुहुदै भन्नुभयो - उत्तर बङ्गालका जनताले भाजपालाई सधैं माया गरेको छ । उहाले भन्नुभयो - राजु विस्टले संसदको टेबुलमा उत्तर बङ्गालको आवाज उठाएका छन् । उत्तर बङ्गालको विकासका लागि ५० हजार करोड आवंटन गरिएको छ। जुन संसदीय निर्वाचन क्षेत्रका लागि ठूलो कुरा हो ।केन्द्रीय मंत्री श्री ठाकुरले राज्य सरकार को तिखो आलोचना गर्दै त्रिणामुल सरकार भ्रष्टाचारमा लिप्त रहेको र आतंककारीहरुलाई आश्रय दिन थालेको बताउनु भयो ।

****** ० ******

**भारतीय राष्ट्रिय राजमार्ग प्राधिकरण**

भारतीय राष्ट्रिय राजमार्ग प्राधिकरणए एन.एच.ए.आई.ले आज नयाँ दिल्लीमा पर्यावरण-अनुकूल शमन उपायहरू सहित पर्यावरण र वन क्लियरेन्समा एक दिवसीय राष्ट्रिय कार्यशालाको आयोजना गर्यो। कार्यशालाको उद्देश्य पर्यावरण मैत्री अभ्यासको प्रयोग गरी देशको राष्ट्रिय राजमार्ग पूर्वाधार विस्तारका लागि ठोस जग बसाल्नु रहेको छ ।

****** ० ******

**सेना प्रमुख जनरल मनोज पांडे उज़्बेकिस्तान**

सेना प्रमुख जनरल मनोज पाण्डे चारदिवशीय भ्रमणका लागि आज उज्वेकिस्तान प्रस्थान गर्नुभएको छ । दुई देशबीच पारस्परिक समझदारी र द्विपक्षीय रक्षा सहयोगलाई प्रगाढ बनाउनु नै भ्रमण को मूल उदेश्य रहेको रक्षा मन्त्रालयले जनाएको छ। श्री पाण्डेले उज्बेकिस्तानको शीर्ष रक्षा नेतृत्वसँग वार्ता गर्नुहुनेछ ।

****** ० ******

**सर्वोच्च न्यायालय**

सर्वोच्च न्यायालय र उच्च अदालतका २१ अवकाशप्राप्त न्यायाधीशहरूले सुनियोजित दबाबए गलत सूचना र सार्वजनिक अपमानका माध्यमबाट न्यायपालिकालाई कमजोर बनाउने केही गुटको प्रयासप्रति चिन्ता व्यक्त गरेका छन्। उनीहरुले भारतका प्रधान न्यायाधीश डीवाई चन्द्रचूडलाई पत्र लेखेका छन्। उनीहरुले भनेका छन् - संकीर्ण राजनीतिक स्वार्थ र व्यक्तिगत लाभबाट प्रेरित यी तत्वहरूले न्याय प्रणालीप्रति जनताको विश्वास लाई कमजोर पार्न खोजिरहेका छन्।

****** ० ******

**अंतर्राष्ट्रीय मुद्रा कोष र विश्व**

अन्तर्राष्ट्रिय मुद्रा कोष (आई.एम.एफ) र विश्व बैंकले आगामी बुधबार ऋणमा डुबेका देशहरूसँग सहकार्य गर्ने र जलवायु परिवर्तनको चुनौतीको सामना गर्ने उद्देश्यले वासिङ्टनमा महत्वपूर्ण बैठक गर्ने भएका छन्। बैठकले अन्तर्राष्ट्रिय मुद्रा कोषको प्रकाशन शविश्व आर्थिक दृष्टिकोण पनि सार्वजनिक गर्नेछ।। यस वर्ष यी दुई वैश्विक संस्थाहरूको ८० औं बर्षगाठ हो ।

****** ० ******

**तृणमूल कांग्रेस मुख्यमंत्री ममता बनर्जी**

पश्चिम बङ्गालकी मुख्यमन्त्री ममता बेनर्जीले आफ्नो सरकारले राजवंशी समुदायको हितका लागि धेरै योजनाहरु र विकास परियोजनाहरू लागू गरेको बताउनु भएको छ। उहाले कुचबिहार लोकसभा निर्वाचन क्षेत्रको रासलीला मैदानमा एक जनसभालाई सम्बोधन गर्नुहुदै टीएमसी सरकारले आम मानिसहरुको कल्याणको लागी सबैकुरा गरिदिएको बताउनु भएको छ ।

****** ० ******

**राज्यका गृह सचिव -उपस्थित**

राज्यका मुख्य सचिवए गृह सचिवए एडीजी सीआईडीले दाड़ीभीत गोलीकाण्डमा विद्यार्थीको मृत्युको घटनालाई लिएर आज उच्च अदालतमा भर्चुअल रूपमा उपस्थिति दिएका छन्। राज्यले भनेको छ - धेरै वटा जानकारी एन.आई.ए.लाई सुम्पिएको छ। यसपछि अदालतले राज्य सरकारका अधिकारीहरूलाई अदालतको आदेश तत्काल पालना गर्नुपर्ने चेतावनी दिंदै राहत दिएका थिए। सन् २०१८ को सेप्टेम्बरमा उत्तर दिनाजपुरको इस्लामपुरमा दाड़ीभीत हाईस्कूलमा शिक्षक भर्नाको विषयलाई लिएर भएको झडपमा राजेश सरकार र तापस बर्मन नामक दुई पूर्व विद्यार्थीको गोली लागेर मृत्यु भएको थियो।

****** ० ******

**केजरीवाल -हिरासत**

दिल्लीको राउज एभेन्यु अदालतले दिल्लीका मुख्यमन्त्री अरविन्द केजरीवालको न्यायिक हिरासत अप्रिल २३ सम्मका लागि बढाएको छ। विशेष न्यायाधीश कावेरी बावेजाले उक्त आदेश दिएका हुन्।अदालतले गत १ अप्रेलमा केजरीवाललाई न्यायिक हिरासतमा पठाएको थियो।

****** ० ******

**भाजपा – शुभेन्दु अधिकारी**

भारतीय जनता पार्टीका नेता तथा राज्य विधानसभामा विपक्षी दलका नेता शुभेन्दु अधिकारीले ममता बनर्जीले सीएएएको बारेमा झूठो बोलेको र पश्चिम बङ्गालका आम जनतालाई भ्रमित गरिरहेको आरोप लगाउनु भएको छ। कूचबिहारको दिनहाटामा आयोजित जनसभालाई सम्बोधन गर्दै उहाले सन्देशखालीमा तृणमूल काङ्ग्रेसका नेताहरूले दलित महिलाहरूलाई यातना दिएको आरोप लगाउनु भएको छ। आगामी १९ अप्रेल को दिन कूचबिहार लगायत जलपाईगुडी र अलीपुरद्वारमा मतदान हुनेछ।

****** ० ******

**अनुराग सिह ठाकुर कालेबुंग -खेलकुद**

भारतीय जनता पार्टी (भाजपा) का नेता तथा केन्द्रीय मन्त्री अनुराग सिंह ठाकुरले दार्जिलिङ लोकसभा आसनका भाजपा उम्मेदवार राजु बिस्टको समर्थनमा कालेबुंगमा आयोजित जनसभालाई सम्बोधन गर्नुभयो स उहाले - भाजपा सत्तामा आएमा केन्द्र सरकारले दार्जिलिङमा खेलकुद पूर्वाधार विकासको विषयमा ध्यान दिने आश्वासन दिनुभएको छ।

****** ० ******

**गोरामुमो – खर्सांग**

गोरामुमो खरसाङ ब्राञ्च कमिटी अन्तर्गत तीनधारे सुकना समष्टिका विभिन्न क्षेत्रहरुमा आज गोरामुमो अध्यक्ष मन घिसिङले चुनाव प्रचार गरे। घिसिंगले महानदी ग्राम पञ्चायत अन्तर्गत घुम्ती चियाबारीको सिंहदेवी मन्दिर अनि शिवखोला मन्दिरमा पूजा अर्चना गरी भाजपाको लोकसभा उम्मेदवार राजु विष्टको निम्ति चुनाउ प्रचार गरेका छन्।

****** ० ******

**खर्सांग – अम्बेदकर जयन्ती**

खरसाङ विश्वकर्मा समाजद्वारा संविधान निर्माता तथा भारतरत्न डा. भीमराव अम्बेदकरको १३३ औँ जन्म जयन्ती निर्मलकुमार गहतराजको अध्यक्षतामा समाजको निजी भवनमा पालन गरेको छ । यस अवसरमा शास्त्रीय सङ्गीतका गुरु तथा समाजका वरिष्ठ सदस्य गोविन्दसिँह घतानीए श्यामकुमार लोहारए गोविन्द शङ्करए लगायत अन्य प्रतिनिधिहरु उपस्थित थिए।

यस अवसरमा गोविन्दसिँह घतानीले अम्बेदकरको योगदान र महत्वबारे प्रकाश पारे भने सबिता गजमेर अनि सुष्मा सिंहले अनुसूचित जातिको सुरक्षा र उत्थानको निम्ति बाबा साहब भीमराव अम्बेदकरले संविधानमा राखेका कानुन र प्रावधानहरूबारे प्रकाश पारे।

****** ० ******

**खर्सांग नगरपालिका**

खरसाङ नगरपालिकाको वार्ड नम्बर १६ मा रहेको सुन्तले पाखामा मैला फ्याँक्न जाने निर्माणाधीन बाटोको आज खरसाङ नगरपालिकाको टोलीद्वारा निरीक्षण गरिएको छ।

खरसाङ बजारलाई सफा र स्वच्छ राख्नको लागि मैलाहरू फ्याँक्ने बाटोको निर्माण कार्य नगरपालिकाद्वारा पुरानो योजनाद्वारा पहिलेदेखि नै शुरु भएको थियो। उक्त निर्माणाधीन बाटोको खरसाङ नगरपालिका चेयरम्यान ब्रिगेन गुरुङए भाइस चेयरम्यान सुवास प्रधानए एस.ए.ई गोविन्द अधिकारी आदिले निरीक्षण गरेका छन्।

निरीक्षणपछि पत्रकारहरूसित कुराकानी गर्दै खरसाङ नगरपालिकाका चेयरम्यान ब्रिगेन गुरुङले खरसाङ नगरपालिकाको मैला फ्याँक्ने ठाउँमा जाने बाटोको निरीक्षण गरिएको र काम सन्तोषजनक ढंगमा भइरहेको बताउनु भएको छ। उहाले खरसाङ नगरपालिका क्षेत्रलाई स्वच्छ र सुन्दर बनाई राख्नको लागी जनसाधारणको सहयोग र सहभागिता आवश्यक रहेको बताउनु भएको छ स

****** ० ******

**साहित्यकार आरके प्रधानको निधन**

भारतीय नेपाली साहित्यका वरिष्ठ साहित्यकार आरके प्रधानको हिज राति सिलगढीस्थित एक नर्सिङ होममा उपचारको क्रममा निधन भयो। ६६ वर्षीय आरके प्रधान केही समय यता हृदय रोगका कारण उपचाराधीन अवस्थामा थिए। ५ अप्रेलए १९५८ सालमा जन्मिएका साहित्यकार प्रधान मुण्डाकोठी उच्च विद्यालयका अवकाशप्राप्त शिक्षक प्रभारी थिए। नेपाली भाषाए साहित्यए शिक्षा अनि समाजप्रति समर्पित प्रधानले साहित्यको फाँटमा तीनवटा महत्वपूर्ण कृतिहरू दिएका छन् जसमा श्केही सम्झना केही अर्चनाश्ए दुबई डायरीए मुण्डाकोठी हिजो र आज प्रमुख छन्। उनी सोनादा साहित्य संस्थानका संस्थापक सदस्य थिए।

****** ० ******

**आइपिएल क्रिकेट**

आइपिएल क्रिकेटमा रोयल च्यालेन्जर्स बेंगलोर र सनराइजर्स हैदरावादबीच आज साँझ प्रतिस्पर्धा हुँदैछ। यो म्याच आज राती साढे सात बजे एम चिन्न स्वामी स्टेडियम बंगलोरमा शुरु हुनेछ।

****** ० ******

**मौसम**

कोलकाता लगायत राज्यका अन्य भागहरूमा अत्याधिक गरम शुरु भएको छ। आज कोलकाताको न्यूनतम तापक्रम सामान्य भन्दा दुई डिग्री अधिक २७ दशमलव ५ डिग्री सेल्सियस र अधिकतम तापक्रम ३७ दशमलव ९ डिग्री सेल्सियस रेकर्ड गरिएको छ। उत्तर बङ्गालए अलिपुरद्वारए कूचबिहारए जलपाईगुडीए दार्जीलिंग र कालेबुंगमा भने हल्का वर्षा जारी रहेको छ। यस प्रकारको मौसम हप्ताभरि नै जारी रहनेछ।

****** ० ******

************